प्रदेश न. २, नेपाल

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रौतहट

पत्र संख्याः- २०७७/०७८

चलानी नं.:- ९६९८

मिति :- २०७८/०३/०१

विषय :- जाहेरी सम्बन्धमा ।

श्री प्रदेश वन निर्देशनालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा ।

उपरोक्त सम्बन्धमा यस डिभिजन वन कार्यालय र अन्तर्गतका सब-डिभिजन वन कार्यालयबाट मिति २०७८/०२/०३ गते देखि मिति २०७८/०२/३१ गते सम्मको प्राप्त जाहेरी विवरण खुलाई पठाईएको व्यहोरा सादर अनुरोध छ ।

विवरण

१. वन पैदावार चोरी निकासीको अवस्था :

- डिभिजन वन कार्यालय, रौतहटका जमदार श्री जयलाल प्रसाद पटेल समेतका वन कर्मचारीहरुले मिति २०७८/१/२७ गते दिउँसो ४:०० बजेको समयमा गस्ती गर्दै जाँदा जिल्ला रौतहट चन्द्रपुर न.पा.३ भुलनटार टोल नजिक पुर्व : भुलनटार, पश्चिम : धनसर खोला, उत्तर : अरुण बस्ती गाउँ र दक्षिण : राष्ट्रिय वन यति चार किल्ला भित्र गस्ती गर्ने क्रममा झाडीमा लुकाई छिपाई राखेको वेवारिसे अबस्थामा साल ज़ातको गोलिया थान ५ को २७.६२ क्यू.फिट काठ बरामद गरिएको व्यहोराको बरामदी मुचुल्का पाना थान- २ जिम्मा जमानी भर्पाई पाना थान- १ यसै साथ संलग्न राखी आवश्यक कारवाहीको लागी यो प्रतिवेदन पेश गरिएको ब्यहोरा अनुरोध छ भनी जमदार श्री जयलाल प्रसाद पटेलको प्रतिवेदन पेश हुन आएकोले सो घटनाको जाँचबुझ तथा अनुसन्धान कार्यको लागी स.व.अ. श्री नवनीत मिश्रलाई खटाईएको ।
- वृन्दावन सब डि.व.का.का वन कर्मचारीहरु मिति २०७८/१/२७ गते राती १:०० बजेको समयमा विशेष सुराकीको आधारमा प्रहरी चौकी चेतनगरका प्रहरी कर्मचारी र वन कर्मचारीहरु समेतको संयुक्त गस्ती टोलीले वनजंगल टुर गस्ती गर्दै जाँदा रामलाल वृन्दावन साझेदारी वन अन्तर्गत पुर्व दक्षिण तोरी बारीको बाटो, पश्चिम : बलरीको पैनी, उत्तर : वनजंगल यति चार किल्ला भित्र झाडीमा लुकाई छिपाई राखेको अबस्थामा साल जातको गोलिया थान २ को २६.३९ क्यू.फिट काठ बरामद भएको र सो को वरिपरी कुनै मानिस फेला नपरेको हुँदा बरामद भएको गोलिया काठ बलरी वन पोष्टको कम्पाउण्डमा सुरक्षित घाटगद्दी गराई सोको भर्पाई र बरामदी मुचुल्का यसै साथ संलग्न राखी आवश्यक कार्यवाहीको लागी पेश गरिएको व्यहोरा अनुरोध छ भनी स.व.अ.श्री सोनफी पासवान समेतको प्रतिवेदन प्राप्त हुन आएकोले सो घटनाको जाँचबुझ तथा अनुसन्धान कार्यको लागी स.व.अ. श्री बैजनाथ मण्डललाई खटाईएको ।
- वृन्दावन सब डि.व.का., रौतहट का वन कर्मचारीहरुले विशेष सुराकीको आधारमा मिति २०७८/१/२९ गते दिउँसो ५:०० बजेको समयमा खोजतलास गर्दै जाँदा वृन्दावन न.पा. वडा



डि. डिभिजनल वन अधिकृत